# प्रेस विज्ञप्ति

**७ असार २०७३, काठमाडौँ ।**

माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव तथा माननीय निर्वाचन आयुक्त इला शर्मासँग गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगका पदाधिकारीहरूले आज निर्वाचन आयोगमा भेट गरी आयोगले गर्दै आएको गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारणसँग सम्बन्धित कामका सम्बन्धमा प्रकाश पार्दै निर्वाचनसँग सरोकार हुने विषयका सम्बन्धमा निर्वाचन आयोगको सरोकारका विषयमा सुझावका लागि आग्रह गर्नु भयो ।

छलफलका क्रममा गाउँपालिका, नगरपालिकाको सङ्ख्या तथा सीमाना निर्धारणले निर्वाचनका तयारीका क्रममा पार्ने विभिन्न प्रभावका विषयमा माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव तथा माननीय निर्वाचन आयुक्त इला शर्माले विस्तृत रूपमा आयोगका पदाधिकारीहरूलाई जानकारी गराउनु भयो । आपसी छलफलका क्रममा निर्वाचन आयोगका तर्फबाट अन्य कुराका अतिरिक्त सीमाना निर्धारण गर्दा मतदाता नामावलीको व्यवस्थापनको काममा गम्भीर असर पुग्ने कारणले कुनै पनि गाउँ विकास समिति वा नगरपालिकाको विद्यमान वडाको भूगोललाई टुक्र्याउने गरी सीमा निर्धारण नगरिदिन आयोग पदाधिकारीहरूलाई विशेष आग्रह गरियो । छलफल कार्यक्रमको अन्त्यमा निर्वाचन आयोगका तर्फबाट राखिएका सुझावका सम्बन्धमा सीमा निर्धारण आयोगका पदाधिकारीहरू सकारात्मक रहेको जानकारी बैठकलाई दिइयो ।

सो भेटघाट तथा छलफल कार्यक्रममा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगका तर्फबाट आयोगका अध्यक्ष बालानन्द पौडेल र सदस्यहरू निरज शाह, श्यामकृष्ण भूर्तेल, पवित्रा सुब्बा श्रेष्ठ, सुनिलरञ्जन सिंह, माधव अधिकारी तथा निर्वाचन आयोगका तर्फबाट सचिव शारदाप्रसाद त्रिताल र निर्वाचन आयोगका सबै महाशाखा प्रमुख र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव एवं उल्लिखित संख्या तथा सीमा निर्धारण आयोगका सदस्य-सचिव डा. हरि प्रसाद पौडेलको पनि उपस्थिति रहेको थियो ।

मिति : २०७३/३/७

(वासुदेव गुरागाईं)
सहसचिव एवं प्रवक्ता
निर्वाचन आयोग ।